१६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं।**

डढेलोले,
- वनमाल नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भू-क्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले,
वन पैदावारको संकलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : ८७ ॥ २०८१ वैशाख २३ गते आईतबार (5th Apr 2024 Sunday) **Pratidin** National Daily मूल्य-रु.५/-

# वाइसिएलको बस दुर्घटना: २७ जना घाइते

बिर्तामोड(प्रस) । बिर्तामोडमा वाइसिएलको कार्यक्रममा कार्यकर्ता बोकेर आउँदै गरेको बस चारपानेमा दुर्घटना हुँदा घाइते हुनेहरुको संख्या २७ पुगेको छ । गौरीगञ्जबाट बिर्तामोडतर्फ आउँदै गरेको को१ ख ३००९ न. को बस चारपानेमा बाटो दक्षिणपट्टि पल्टिएको हो । शनिवार दिउँसो १.४५ बजेको समयमा बिर्तामोड नगरपालिका वडा नम्बर २ चारपाने चोकमा वाइसिएलको कार्यक्रममा कार्यकर्ता लिएर आउँदै गरेको बस आफै अनियन्त्रित भएर पल्टिएको प्रहरीले जनाएको छ ।

बिर्तामोडको सिटी सेन्टरमा माओवादीनिकट वाइसिएलको छैठौ जिल्ला भेला आयोजना गरिएको थियो । सबै घाइतेहरुको बिर्तासिटी अस्पताल बिर्तामोडमा भएको थियो ।घाइते हुनेहरुमा गौरीगञ्ज गाउँपालिका वडा नम्बर-४ बस्ने बर्ष २४ का चमारु मालीको दुबै हातमा चोट (अवस्था सामान्य) , वडा नं १ बस्ने बर्ष १९ का रवि कोच दुबै खुट्टामा चोट (अवस्था सामान्य ), बर्ष २२ का अजय कोच बायाँ हातमा सामान्य चोट (अवस्था सामान्य), वडा नं २ बस्ने बर्ष २० का शंकर आस्था बाहिरी चोट नभएको (सामान्य) , बर्ष २९ का प्रमोद ताजपुरिया



बायाँ हातमा चोट (सामान्य), वडा नं १ बस्ने बर्ष २२ का भरत राजवंशी बाहिरी चोट नभएको (सामान्य) , वडा नं २ बस्ने बर्ष २६ का मोहितकुमार ताजपुरिया बाहिरी चोट नभएको (सामान्य), सोही ठाउँ बस्ने बर्ष४७ का शिब मुर्मू बाहिरी चोट नभएको (सामान्य) बर्ष २० का अशोक ताजपुरिया बाहिरी चोट नभएको (सामान्य), बर्ष ३२ का गंगालाल राजवंशी टाउको दुखेको बाहिरी चोट नभएको (सामान्य),बर्ष ४० का सूर्यप्रसाद राजवंशी बाहिरी चोट नभएको (सामान्य), वडा नं ४ बस्ने बर्ष ४४ का रामेश्वर माली बाहिरी चोट नभएको (सामान्य), सोही ठाउँ बस्ने बर्ष १४ का झलनाथ राजवंशी बाहिरी चोट नभएको (सामान्य) ,बर्ष १८ का नरेशप्रसाद राजवंशी बाहिरी चोट नभएको (सामान्य) , बर्ष ३० की मेनुका राजवंशी बायाँ हातमा चोट अवस्था (सामान्य), वडा नं ५बस्ने बर्ष २५ की सुनिता राजवंशी बाहिरी चोट नभएको (सामान्य), बर्ष ३५ की सहुना राजवंशी बाहिरी चोट नभएको (सामान्य), वडा नं ३ बस्ने बर्ष ५६ का राजेन्द्र राई बाहिरी चोट नभएको (सामान्य) , वडा नं २ बस्ने बर्ष १४ का राहुल ताजपुरिया बाहिरी चोट नभएको (सामान्य), वडा नं १ बस्ने बर्ष २४ का निर्मल राजवंशी दुबै हात खुट्टामा सामान्य चोट, बर्ष २० का खगेन्द्र राजवंशी बाहिरी चोट नभएको (सामान्य), वडा नं २ बस्ने बर्ष २२ का अजयकुमार ताजपुरिया बायाँ खुट्टामा सामान्य चोट, वडा नं २ बस्ने बर्ष ४० का मिनीराज राई बायाँ हातमा चोट (सामान्य) , वडा नं
२ बस्ने बर्ष ५५ का हंसनारायण राजवंशी दुबै खुट्टामा चोट( सामान्य), वडा नं २ बस्ने बर्ष १९ का दिपक बास्के दाहिने हातमा चोट (सामान्य)

बर्ष ४४ का मोति नेपाल बायाँ हातमा सामान्य चोट र सोही ठाउँ बस्ने बर्ष ४४ का चक्र भुजेल बाहिरी चोट नभएको (सामान्य) रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए । सबै घाइते उपचारपछि घर फर्किएको इलाका प्रहरी कार्यालय बिर्तामोडले जनाएको छ । दुर्घटनापछि बस चालक फरार रहेको जनाइएको छ ।

# वाइसीएलको जिल्ला अध्यक्षमा डेबिट शाही




बिर्तामोड(प्रस) । नेकपा माओवादी केन्द्रको युवा संगठन योङ कम्युनिष्ट लिग (वाइसीएल) नेपाल झापाको छैठौं जिल्ला भेला सम्पन्न भएको छ । शनिबार बिर्तामोडस्थित सिटी सेन्टरमा डेबिट शाहीको नेतृत्वमा नयाँ कार्यसमिति चयन गर्दै भेला सम्पन्न भएको हो ।

शाहीको अध्यक्षतामा गठित नयाँ कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा हिमाल विष्ट, उपाध्यक्षद्वयमा विनोद नेम्बाङ र बुद्धिमान तामाङ चयन भएका छन् । जनक ल्वागुन सचिव र सहसचिवमा प्रेम राना मगर, रुद्र राउत, सन्तोष विश्वकर्मा र समिर लिम्बू चयन भएका छन् । मेनुका राजवंशी कोषाध्यक्षमा चयन भएकी छन् । नयाँ कार्यसमितिको नामावली वाइसीएल नेपालका केन्द्रीय सदस्य डम्बर पुलामी (कर्म) ले उद्घोष गरेका थिए ।

झापाका १५ वटै पालिकाबाट १ महिला अनिवार्यसहित ७५ सदस्यीय नयाँ कार्यसमिति चयन गरिएको वाइसीएल नेपाल झापाका संस्थापक अध्यक्षसमेत रहेका नेकपा माओवादी केन्द्र झापाका संयोजक राजु आचार्य (अग्नी)ले जानकारी दिए ।

कार्यक्रमका बिच वाइसीएल झापाका संस्थापक तथा विभिन्न जिल्लामा संस्थापक अध्यक्षको जिम्मेवारी सम्हालेर हाल झापामा बसोबास गरिरहेका नेतृत्वलाई सम्मान गरिएको थियो ।

वाइसीएलका मेची व्युरो संस्थापक अध्यक्ष इन्द्र आङ्बो (मौसम), झापाका संस्थापक अध्यक्ष राजु आचार्य, पूर्व अध्यक्ष तथा संस्थापक उपाध्यक्ष डिल्ली घिमिरे (हिक्मत), पूर्व अध्यक्षहरु मोहन नेम्बाङ (सञ्चार), डम्बर पुलामी (कर्म), दलबहादुर तामाङ, कुमार आचार्य, तेह्रथुमका संस्थापक अध्यक्ष खड्ग कन्दङ्वा (रोशन), मोरङका संस्थापक अध्यक्ष कुलप्रसाद साँवा (कुशल), संखुवासभाका संस्थापक अध्यक्ष अस्मिता तामाङ कन्दङ्वा, झापाका संस्थापक सचिव मोहन टुडू (सरोज), कोषाध्यक्ष निर्मला खतिवडा (निरु) र सदस्य रञ्जिता जबेगु निङ्वालाई सम्मान गरिएको थियो । उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि माओवादी केन्द्रका केन्द्रीय उपमहासचिव हरिबोल गजुरेलले खादा तथा सम्मानपत्रले सम्मान गरेका थिए ।

यसै कार्यक्रममा वाइसीएलले

❖ बाँकी अन्तिम पृष्ठमा

# एमालेको अधिवेशनमा कुटाकुट



झापा(प्रस) । नेकपा एमाले पर्साको उपाध्यक्षसहित पदाधिकारी चयनका लागि शुक्रबार हुने भनिएको निर्वाचनमा विवाद हुँदा कार्यकर्ताबीच कुटाकुट भएको छ।

वीरगन्जस्थित अनमोल पार्टी प्यालेसमा एमाले कार्यकर्ताबीच कुटाकुट हुँदा जिल्ला उपसचिव पदका उम्मेदवार रामकिशोर सिंह पराग घाइते भएका छन्। उनको नेशनल मेडिकल कलेजमा उपचार भइरहेको छ।

निर्वाचनमा धाँधली गरिएको भन्दै उपाध्यक्ष पदका उम्मेदवार लालबाबु शेख पक्षधरले दिउँसै निर्वाचन समितिको कोठामा तालाबन्दी गरेका थिए। त्यसका बावजुद निर्वाचन समितिले जबरजस्ती मतदान गराउन खोजेपछि त्यसको प्रतिवाद गर्दा कार्यकर्ताबीच कुटाकुट भएको सचिव पदका उम्मेदवार नवराज शर्माले बताए।

अध्यक्षमा निर्विरोध निर्वाचित भइसकेका विश्वम्भर शर्मा पक्षकाले जबरजस्ती मतदान गराउन खोजेपछि कुटाकुट भएको शर्माले बताए। इतर पक्षका अन्य नेताहरूमाथि पनि हातपात भएको उनले बताए।

यता अध्यक्ष शर्मा पक्षकाले भने निर्वाचन समितिले नियमसंगत प्रक्रिया पूरा गरेर निर्वाचन गराउन खोज्दा इतर पक्षका केही कार्यकर्ताले निर्वाचन समितिको कोठामा पसेर जबरजस्ती तोडफोड गरेको बताएका छन्।

एमालेका वीरगन्ज महानगर सचिव सुन्दर कुर्मीले भने, 'निर्वाचन समिति नियम र विधि पूरा गरी मतदान प्रक्रियाका लागि तयारी गर्दै थियो। त्यही बेला सचिवका उम्मेदवार परागहितका समूह भित्र पसेर जबरजस्ती गर्न थालेपछि आक्रोशित कार्यकर्ताले प्रतिवाद गरे। अनि दुवै पक्षबीच धकेलाधकेल र हात हालाहाल भयो।'

कार्यकर्ताबीचच कुटाकुट भएपछि निर्वाचन शनिबारसम्मका लागि स्थगित गरिएको निर्वाचन समितिले जनाएको छ।

यसअघि शुक्रबार दिउँसो उपाध्यक्ष पदमा उम्मेदवारी दिएका लालबाबु शेख पक्षधरले निर्वाचन प्रक्रियामा धाँधली गरिएको भन्दै निर्वाचन समितिको कोठमा तालाबन्दी गरिदिएपछि मतदान सुरु नहुँदै स्थगित भएको थियो।

# झापामा व्यक्तिपिच्छे अनलाइन न्युजपोर्टल

झापा(प्रस) । पत्रपत्रिका र एफएम रेडियोहरु एकपछि अर्को बन्द भइरहेका बेला झापामा अनलाइन न्यूज पोर्टल खोल्ने लहर चलेको छ । रहर पूरा गर्नकै लागि खोलिएका अधिकांश अनलाइनको न कार्यालय छ न कर्मचारी नै । झोलामा अनलाइन चलिरहेको पाइएको छ । झापामा अनलाइनको संख्या ९२ पुगेको छ । व्यक्तिपिच्छे खोलिएका अधिकांश अनलाइन व्यवस्थित छैनन् । कतिपय अनलाइनले एक वर्षसम्म समाचार पोष्ट गरेको पाइदैन भने कतिपय अनलाइनहरु मासिक , साप्ताहिक पनि रहेका छन् । केही अनलाइनहरु सामान्य एक्टिभ देखिएपनि अर्काको समाचार कपी टु पेष्टको भरमै चलाएका छन् । कपी टु पेष्ट गर्ने प्रवृत्तिले




प्रायः सबै अनलाइनमा एउटै समाचार पाइन्छ ।

झापाको पहिलो अनलाइनको रुपमा साझामंच अनलाइन खुलेको थियो । करिव पाँच वर्षमा सयवटाको हाराहारीमा अनलाइन खोलिएका हुन् । तर, एक्टिभका हिसाबले हेर्ने हो भने जिल्लामा मुश्किलले २० वटा अनलाइन मात्र छन् । झापामा अनलाइन खोल्ने लहर चलेको अनलाइन पत्रकार संघ झापाका अध्यक्ष सुरेन्द्र भण्डारीले बताए । उनले अव्यवस्थित भएकै कारण अधिकांश अनलाइन अव्यवसायिक रहेको बताए । अनलाइनमा कपी टु पेष्ट गर्ने प्रवृति नराम्ररी झाँगिएको उनको भनाई छ । 'झापाका अनलाइनहरु तलमाथि डटकम, झोलामा डटकम छन् ' उनले भने । त्यसो त धेरै अनलाइनहरु बिनादर्ताका छन् । दर्ताबिना नै संचालन भइरहेका अनलाइनका बारेमा कसैले नियमन गरेको पाइदैन । अनलाइनसंगै झापामा फेसबुक पेजमा समाचार हाल्ने प्रवृति पनि बढ्दै गएको छ ।

# हल्दिवारीकी उपाध्यक्ष मैनालीलाई पतिशोक

भद्रपुर(प्रस) । हल्दिवारी गाउँपालिकाकी उपाध्यक्ष लक्ष्मीदेवी मैनालीलाई पतिशोक परेको छ । उपाध्यक्ष मैनालीका पति लयप्रसाद मैनालीको शनिवार साँझ ५.५८ बजे अचानक निधन भएको हो ।



५ छोरी र २ छोराका अभिभावक मैनाली महेन्द्र माध्यमिक विद्यालयका पूर्व शिक्षक समेत रहेका थिए । मैनाली समाजमा आदर्श व्यक्तिको परिचय बनाएका व्यक्तितत्व रहेका थिए । मुटुमा समस्या देखिएपछि अपरान्ह ४ बजे बिर्तामोडस्थित बीएण्डसी अस्पताल पुर्याएकोमा ५.५८ बजे डाक्टरले मृत घोषित गरेको उपाध्यक्षका स्वकीय सचिव प्रल्हाद सिलवालले जानकारी दिएका छन् । उनका अनुसार बैशाख २३ गते आइतवार मैनालीको अन्त्येष्टि गरिने छ ।

**ऋषिकेश**

Hair Oil

३५ जडिबुटीयुक्त

- कपाल झर्न नदिने
- नया कपाल उमार्ने
- सिल्की बनाउने
- चाया हटाउने
- टाउको चिलाउन रोक्ने

Chemical free no side effects

100% Natural

Price Rs. 1500/-




**Saptashree Ayurvedic Pvt. Ltd.**

Kathmandu, Nepal

Mobile/Whatsapp: 9810095900, 9844600332

# महिलाको मृत्युपछि स्वास्थ्यकर्मीलाई सचेत



झापा(प्रस) । भद्रपुरमा एक महिलाको मृत्यु भएपछि स्वास्थ्य कार्यालय झापाले हात्तीपाइले औषधि सेवन गराउने स्वास्थ्यकर्मीहरूलाई सचेत गराएको छ । हात्तीपाइले रोगविरुद्धको औषधि खुवाउने अभियानलाई थप प्रभावकारी र सफल बनाउनका लागि स्वास्थ्य कार्यालयले हात्तीपाइलेको औषधि खुवाउने स्वास्थ्यकर्मीहरूका लागि १० बुँदे निर्देशनसमेत जारी गरेको छ ।

हात्तीपाइले रोग निवारण अभियानलाई सफल बनाउनका लागि थप उत्साहका साथ निरन्तरता दिन, तातो हावा चल्ने क्रम चलिरहेकाले औषधि खुवाउने समय यथाशक्य बिहान वा बेलुका समय मिलाएर खुवाउने व्यवस्थापन गर्न, केही स्थानहरूमा औषधिको पोका वितरण गरेको पाइएकोले थप सुधार गरी औषधिको पोका वितरणमा कडाइका साथ रोक्न, गर्मीको समयमा जलबियोजनको जोखिम भएकोले पानी प्रशस्त पिउन सल्लाह दिने र कडा परिश्रम गरेको वा पैदल हिँडेको पैदल यात्रीहरूलाई केही समय आराम गरेपश्चात् मात्र औषधि खुवाउन, फिल्डमा खटिने स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूले सकेसम्म औपचारिक पोसाक र परिचयपत्र लगाएर जान, औषधि खुवाउने क्रममा सबैभन्दा पहिले Ivermectin, त्यसपछि DEC र अन्तिममा Albendazole खुवाउने प्रोटोकललाई पालना गर्न औषधि खुवाउँदा सकेसम्म हतार नगरी १/१ चक्की औषधि निल्न दिएर खुवाउन, ज्येष्ठ नागरिक र अशक्तहरूलाई औषधि खुवाउँदा सतर्कता अपनाउन, उचाइ मापन गर्नुपर्ने कार्यलाई अनिवार्य कार्यान्वयन गर्न/गराउन, सकेसम्म सामूहिक रुपमा ३-५ जनाको समूह बनाएर फिल्डमा हिँड्दा परामर्श गर्न सहज हुने भएको र औषधि खाने दर पनि धेरै देखिएकोले सोही अनुसार व्यवस्था गर्न निर्देशन दिइएको हो ।

भद्रपुर १ निवासी ६५ वर्षीया महिलाको बिहीबार हात्तीपाइलेविरुद्धको औषधि सेवनपछि स्वास्थ्यमा जटिलता देखिएर मृत्यु भएको बताइएको छ । अहिले उक्त औषधि खुवाउने अभियान चलिरहेको भन्दै अभियानमा नकारात्मक प्रभाव पर्ने हुँदा सरकारले औषधि सेवनकै कारण मृत्यु भएको घटना सार्वजनिक गरेको छैन। तर, उक्त घटना बाहिरिए लगत्तै हाल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त सचिव डा. टंक बाराकोटीसहितको टिम झापा आइपुगेको छ। झापा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, रसुवा, र कपिलवस्तुमा हात्तीपाइलेविरुद्धको औषधि खुवाउने अभियान जारी छ । मृतकको शव पोस्टमार्टमको लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा राखिएको छ।

# मुख्यमन्त्री सोडारीले फेरि लिन पाएनन् विश्वासको मत

झापा(प्रस) । सुदूरपश्चिममा मुख्यमन्त्री दीर्घ बहादुर सोडारीको दोस्रो पटकको विश्वासको मत लिने प्रयास पनि असफल भएको छ। एमालेले बझाङबाट उपनिर्वाचन जितेका प्रदेश सभा सदस्य दमनबहादुर भण्डारीको सपथ नहुँदासम्म विश्वासको मत नदिने भनेपछि सोडारीको दोस्रो पटकको विश्वासको मत लिने प्रयास पनि असफल भएको हो।

सोडारीले शुक्रबार विश्वासको मत लिने भन्दै संसद बैठक बोलाइदिन सभामुख भीमबहादुर भण्डारीलाई पत्र पठाएका थिए। सभामुखले पनि शुक्रबार ५ बजेका लागि संसद बैठक आह्वान गरेका थिए। एमालेको अडानमा कारण शुक्रबारको बैठक शनिबार बेलुकी साढे ५ बजेसम्मका लागि स्थगित गरिएको थियो।

शनिबारका लागि बोलाइएको बैठक पनि अर्को सूचना नआउँदासम्मका लागि स्थगित भएको छ। विश्वासको मतका बारेमा दलहरूबीच सहमति नभएका कारण शनिबारको बैठक पनि स्थगित गरिएको प्रदेश सभाका सचिव देवबहादुर बोगटीले बताए।

एमाले सुरुवातदेखि नै सोडारीलाई विश्वासको मत नदिने पक्षमा देखिएको छ। सोडारी विवादास्पद पात्र भएको भन्दै एमालेले उनको नेतृत्वको सरकारलाई मुख्यमन्त्रीका लागि समर्थन गरे पनि सरकारमा भने नजाने निर्णय नै गरेको छ। अझ एमाले सोडारीले केन्द्रीय गठबन्धनलाई चुनौती दिँदै कांग्रेस र उन्मुक्तिको रेशम पक्षसँग मिलेर लक्ष्मण किशोर चौधरीलाई मुख्यमन्त्रीमा अघि सारेको भन्दै झनै चिढिएको छ।

एमाले संसदीय दलका नेता राजेन्द्र सिंह रावलल र प्रमुख सचेतक सुरेन्द्र बहादुर पाल दुबै जना सोडारीले सपथ लिने दिन शनिबार विहानै संघीय राजधानी गएका छन्। दुबै जनालाई एमाले अध्यक्ष ओलीले बोलाएको बताइएको छ। एमाले अध्यक्ष ओलीलाई पनि सोडारी मुख्यमन्त्री भएको चित्त बुझेको छैन। एमालेले मुख्यमन्त्रीमा समर्थन गर्नुअघि सोडारीको ठाउँमा एकीकृत समाजवादीकै अरु प्रदेश सभा सदस्यलाई अघि सार्न आग्रह गरेको थियो। तर, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले स्थायी कमिटीबाटै मुख्यमन्त्रीमा सोडारीको नाम पास गराएका थिए।

अहिले सोडारीको विश्वासको मत एमाले र एकीकृत समाजवादीले प्रतिष्ठाको विषय बनाएका छन्। सोडारी वैशाख ६ गते एमालेका १०, माओवादीका १०, समाजवादीका ४, नागरिक उन्मुक्ति पार्टीको रञ्जीता पक्षका २ र स्वतन्त्र १ गरी २७ जनाको समर्थन रहेको भन्दै मुख्यमन्त्रीमा नियुक्त भएका थिए। प्रदेशमा बहुमत संख्या पनि २७ नै हो। बझाङमा एमाले जितेपछि अहिलेको गठबन्धनसँग २८ जनाको बहुमत हुनेछ।

# बिर्तामोडले जित्यो तेस्रो आदर्श च्यालेन्ज कपको उपाधि




बुद्धशान्ति(प्रस)। बुद्धशान्तिमा आयोजित तेस्रो आदर्श च्यालेञ्ज कपको उपाधि बिर्तामोड युनाइटेड एफसीले हात पारेको छ । आदर्श युवा क्लबद्वारा आयोजित प्रतियोगितामा भारतको मानेभन्ज्याङ एफसीलाई ३-० गोल अन्तरले पराजित गर्दै बिर्तामोड युनाइटेडले उपाधि कब्जा गरेको हो ।बिजेता बिर्तामोडले उपाधिसँगै नगद २ लाख रुपैँयाँ हात पार्यो । मानेभन्ज्याङले १ लाख रुपैयाँमा चित्त बुझायो । यसअघिको खेलमा महत्वपूर्ण दुई खेलाडी गुमाएको मानेभन्ज्याङले अपेक्षित प्रदर्शन गर्न नसक्दा उपाधि हात पार्न बञ्चित रहयो ।

खेलको ७ औं मिनेटमा बिर्तामोडका डिफेन्डर देबेन्द्र तामाङले गरेको हेडर मानेभन्ज्याङका गोलरक्षकको हातबाट रिवाउन्स भएको थियो । सो बललाई बिर्तामोडका अर्का डिफेन्डर बिशाल दर्जीले हेडमार्फत गोल गरेका थिए । खेलको २४ औ मिनेटमा बिर्तामोडले अग्रता दोब्बर पारेको थियो । अभिषेक गुरुङको क्रसपासलाई कप्तान आशिष चापागाईले गोल गर्न सफल भए । त्यसैगरी इन्ज्युरी समयमा चापागाईले नै बिपक्षी गोलरक्षकसँग वान टु वानको अवस्थामा गोल गर्दै टिमको जित सुनिश्चित गरेका थिए ।

पहिलो हाफको इन्ज्युरी समयमा मानेभन्ज्याङका सौरभ तामाङले २० यार्डबाट गरेको कडा प्रहार बिर्तामोडका गोलरक्षक सन्दिप लिम्बूले उत्कृष्ट बचाउ गरेका थिए । खेलको ४५ औं मिनेटमा मानेभन्ज्याङका स्ट्राइकर करण राईले डि बक्समा पाएको बललाई सदुपयोग गर्न सकेनन् । ५४ औं मिनेटमा सुरज रसाइलीले प्रहार गरेको फ्रिकिकलाई सौरभ तामाङले पोष्टमा प्रहार गरेको भएपनि गोलरक्षक बाधक बनेका थिए ।

खेलको प्लेयर अफ द म्याच बिजेता बिर्तामोड युनाइटेडका बिशाल दर्जी घोषित भए । उनले नगद तीन हजार रुपैँयाँ पुरस्कार पाए ।

प्रतियोगितामा उदीयमान खेलाडी आयोजक आदर्श युवा क्लबका पुजन थापा, उत्कृष्ट स्ट्राइकर बिर्तामोडका आशिष चापागाईँ, उत्कृष्ट डिफेन्डर मानेभन्ज्याङका बिरेन प्रधान, उत्कृष्ट मिडफिल्डर बिर्तामोडका योगेश गुरुङ, उत्कष्ट गोलरक्षक बिर्तामोडका सन्दिप लिम्बू, प्रतियोगिताको उत्कृष्ट खेलाडी बितामोडका देबेन्द्र तामाङ, उत्कृष्ट कोच बिर्तामोडका रमेश गुरुङ भए । उनीहरुले जनही नगद ५ हजार रुपैँयाँ पुरस्कार पाए । प्रतियोगितामा भारतका दुईसहित आठ टिमको सहभागिता रहेको थियो । बैशाख १५ गतेदेखि सुरु भएको प्रतियोगिताको आगामी संस्करणलाई पनि निरन्तरता दिने आयोजक समितिका खेल संयोजक मनेष दाहालले जानकारी दिए ।

एञ्जिलासहित खेलकर्मी सम्मानित

प्रतियोगिता समापनको अवसरमा अहिले उत्कृष्ट फर्ममा रहेको नेपाली राष्ट्रिय महिला फुटबल टिमकी कप्तान एञ्जिला तुम्बापोलाई नगदसहित सम्मान गरिएको थियो । उनलाई नगद २५ हजार रुपैँयाँ पुरस्कारसहित सम्मान गरिएको हो । मेची महाकाली धावन यात्रा पुरा गर्ने जिवनाथ अधिकारी, एन्फाको १३ बर्षमुनिको टिममा पर्न सफल भाइचुङ शेर्पा, कराते तर्फ स्वर्ण पदकधारी एलिजा घिमिरे, रिले राष्ट्रिय दौडमा स्वर्ण पदकधारी चन्द्र पुलामी मगर, तेक्वान्दोतर्फ स्वर्ण पदकधारी रेष्मा भुजेल, स्व. रेफ्री लोकराज ढुंगाना मरणोपरान्त, आदर्श युवा क्लबमा पूर्व खेलाडी तथा प्रशिक्षक स्व. विनोद गुरुङलाई मरणोपरान्त सम्मान गरिएको थियो ।

## एमालेको...

केही पालिकामा नियम मिचेर प्रतिनिधि छनोट गरिएको, जिल्ला सदस्यमा निर्विरोध निर्वाचित भइसकेका व्यक्तिले फेरि पदाधिकारीमा उम्मेदवारी दिएको, एक पक्षलाई जिताउने गरी निर्वाचन समिति नै लागेको भन्दै शेख पक्षधरले नाराबाजी गर्दै मतपत्रलगायतका काजातहरू राखिएको निर्वाचन समितिको कोठामा ताल्चा लगाएको थियो। जसका कारण बिहान ११ बजेदेखि नै सुरु हुने भनिएको मतदान सुरु नहुँदै स्थगित गरिएको थियो।

वैशाख १७ देखि सुरु एमालेको नवौं जिल्ला अधिवेशनले बिहीबार जिल्ला अध्यक्षमा विश्वम्भर शर्मालाई निर्विरोध चयन गरिसकेको छ। उपाध्यक्ष पदमा मनोज गुप्ता र लालबाबु शेख, सचिव पदमा महेश दास र नवराज शर्मा, उपसचिव खुलामा रामकिशोर सिंह पराग, नविजान मियाँ अन्सारी र इमरान हुसेन तथा उपसचिव महिलामा सीतादेवी लामा र गीता देवी भण्डारीको उम्मेदवारी परेको छ।


## हात्तीपाइले रोग विरूद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरूरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

**हात्तीपाइले रोगका लक्षणहरू**



- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरूषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

**बिर्तामोड नगरपालिका**
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल


## एक सातामै... ...

सकेनन् । त्रिपाल ओछ्याएर खुला आकाशमुनि रात काटेका उनीहरू शुक्रबार दिउँसोदेखि पालको जोहोमा लागेका छन् । दिउँसोको प्रचण्ड गर्मीमा बालबालिका, वृद्धवृद्धा, गर्भवती, सुत्केरी र बिरामीलाई कसरी जोगाउने भन्ने अर्को चिन्ता उनीहरूमा देखिन्छ ।

स्थानीय शत्रुधन राउतको घरबाट सुरु भएको आगलागीमा उनको घरमा राखिएको सिलिन्डर पड्किएपछि घर-घरमा आगो फैलिएको थियो । त्यसपछि थप ६ घरको सिलिन्डर विस्फोट भएर आगलागी नियन्त्रणबाहिर पुगेको हो । भीषण आगलागीका कारण शरीरमा लगाएको लुगाबाहेक केही पनि जोगाउन नसकिएको पीडितहरूले बताएका छन् ।

गाउँपालिकाका अध्यक्ष जवाहरलाल यादवले आगलागीजस्ता विपद्को समयमा गाउँपालिकाले दुई छाक खानाको प्रबन्ध मिलाएको बताए । उनले विभिन्न दातृ निकायसँग विपद्को घडीमा सहयोग गर्न आग्रह गरिरहेको जानकारी दिए ।

जिल्ला विपद् व्यवस्थापन समितिले आगलागी पीडितका लागि तत्कालीन रूपमा त्रिपाल र रेडक्रसको लुगा र भाँडाकुँडाको सेट वितरण गरेको प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले जानकारी दिए । आगलागी पीडितका लागि आवास पुनर्निर्माणका लागि तीन तहकै सरकारको सहभागितामा ३ लाख रुपैयाँसम्मको अनुदानको समेत व्यवस्था रहेको जनाउँदै प्रजिअ धमलाले यसका लागि वडामा फाराम भरी केन्द्रमा पठाउँदा पुनर्निर्माणका लागि रकम उपलब्ध हुन सक्ने बताए ।

## वाइसीएलको ..

झापामा सञ्चालन गरेको एकल नृत्य प्रतियोगिताबाट टप फाइभमा पर्न सफल प्रतियोगीहरुको फिनालेसमेत सम्पन्न भएको थियो । प्रतियोगितामा प्रथम हुने दमककी सञ्जिता लिम्बूले नगद २० हजारसहित सम्मानपत्र प्राप्त गरिन् ।

दोस्रो हुने शिवसताक्षीका करण गदाइलीले नगद १५ हजारसहित सम्मानपत्र, तेस्रो हुने कनकाईका राजेश बस्नेतले नगद १० हजारसहित सम्मानपत्र र सान्त्वना हुने कनकाईका असरफ खान र शिवसताक्षीकी सन्तोषी राजवंशीले जनही नगद ५ हजारसहित सम्मानपत्र प्राप्त गरेका थिए ।

वाइसीएल झापाका अध्यक्ष राजकुमार विश्वकर्मा (राजु)को अध्यक्षतामा भएको कार्यक्रममा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा प्रदेश स्कुल विभाग प्रमुख अजम्बर काम्बाङ राई, नेकपा माओवादी केन्द्र कोशीका संसदीय दलका नेता इन्द्र आङ्बो, वाइसीएल नेपालका केन्द्रीय अध्यक्ष सुबोध श्रीपाली, केन्द्रीय सदस्यहरु झलकबहादुर दर्लामी, कुलप्रसाद साम्बा लिम्बू, रञ्जित तामाङ, हरि राना, लक्ष्मी न्यौपाने सरु, सुशिला घिमिरे सामना, केन्द्रीय सदस्य तथा युवा, विद्यार्थी फ्याक्सन इञ्चार्ज मुक्साहाङ मेन्याङ्बोलगायतको उपस्थिति रहेको थियो । राजेश घतानीले सञ्चालन गरेको उक्त कार्यक्रममा करिब पन्ध्र सय युवाहरुको उपस्थिति रहेको बताइएको छ ।


## हात्तीपाईले रोग बिरुद्धको औषधि खाने अभियानबारे सूचना

नेपालमा जनस्वास्थ्य समस्याको रुपमा रहेको हात्तीपाईले रोगले मानिसलाई सधैंका लागि अशक्त, अपाङ्गता र कुरुप बनाउँदछ ।त्यसैले हात्तीपाईले रोग लाग्न नदिन यो औषधि खानु बाहेक अरु बिकल्प छैन ।हात्तीपाईले रोग निवारणका लागि २०८१ बैशाखदेखि यस रोग बिरुद्धको औषधि खुवाउनका लागि स्वास्थ्यकर्मीहरु हरेक घर घरमा आउँदै हुनुहुन्छ ।यस अभियानमा खुवाईने औषधिहरु पूर्ण रुपमा सुरक्षित र प्रभावकारी छन् ।त्यसैले हामी सबैले अभियानको बेलामा औषधि खाउँ अनि परिवार र छिमेकीलाई पनि खान प्रोत्साहन गरौं। हात्तीपाईले रोगमुक्त समाजको निर्माण गरौं।

**स्वास्थ्य कार्यालय झापा**



## वन डढेलो नियन्त्रण सम्बन्धी डिभिजन वन कार्यालय झापाको सूचना

वन र वन्यजन्तु प्रकृतिका अमूल्य उपहार हुन्, यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो। झापा जिल्ला न्यून वन क्षेत्र तथा धेरै जनसंख्या भएको जिल्ला हो। यस जिल्लाको वन क्षेत्र कम सँगसँगै स-साना खण्डहरूमा बाँडिएर रहेका छन् भने प्राय:जसो सबै वन क्षेत्रहरू घना बस्तीले घेरिएर रहेका छन् ।

सुख्खा तथा हावाहुरी लाग्ने मौसमको सुरूवातसँगै वन डढेलोको जोखिम पनि बढेको छ । बनमा डढेलो लागिसकेपछि नियन्त्रण गर्न निकै कठिन हुन्छ साथै वन डढेलोले वन तथा वन्यजन्तुको अतुलनीय क्षति समेत गर्दछ ।

वन डढेलो लाग्न नदिन,

- वन क्षेत्रमा बलेको सलाईको काँटी, चुरोट, कोइला नफालौं ।
- खेत, आवादी क्षेत्रमा आगो लगाउँदा नजिकैको जंगलमा आगो नसल्कियोस् भन्ने कुरामा ध्यान दिऔं, हुरी बतासको समयमा आगो नलगाऔं ।
- जानी जानी वा व्यक्तिगत रिसिईबीको कारण वनमा आगो नलगाऔं ।
- स्वार्थवश वनमा घाँसको लागि आगो नलगाऔं ।
- सामुदायिक वन उपभोक्ता समूहले सुख्खा मौसममा नियमित वनको निगरानी बढाऔं, आवश्यकता अनुसार वन प्रवेशमा बन्देज लगाऔं, स्रोत साधनसहितको डढेलो नियन्त्रणका लागि युवा दस्ता गठन गरि परिचालन गरौं ,अग्नी रेखा सरसफाई गरौं तथा स्थानीय स्तरमा विभिन्न जनचेतनामुलक प्रचारप्रसार कार्यक्रम राखौं ।
- आगो लागेको सूचना तत्काल वन कर्मचारी, प्रहरी, वन समूह, स्थानीय तहलाई दिऔं तथा डढेलो नियन्त्रणमा आफ्नो अमूल्य सहयोग प्रदान गर्नु होस् ।

स्वच्छ हावापानी र स्वस्थ्य जनजीवनको लागि वन र वन्यजन्तु अपरिहार्य छ। वन र वन्यजन्तुको संरक्षण हाम्रो लागि नै हो ।

तपाई हाम्रो एक आपसको सहयोगले ठुलो मात्रामा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षति टार्न सक्छौं । त्यसैले वन डढेलोबाट वन जंगल र वन्यजन्तु जोगाउने हाम्रो यो अभियानमा सबै जना सहभागी बनौं ।

**डिभिजन वन कार्यालय, झापा** सम्पर्क: ०२३४५२०५३, ९८५२६५५१८९


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## आमा– मेरो स्मृतिको डायरीमा



• दियेश रत्न शाक्य

म सोच्छु
महाप्रस्थानको यतिका वर्षपछि
मेरी आमाले पनि पक्कै
यो ब्रम्हाण्डको एउटा शुन्यमा
स्थान बनाए होलान्

र उस्तै गरी रमाए होलान्
जस्तो गरी यहाँ रमाउनु हुन्थ्यो
दिनरात काममा घोटिएर
शुन्य हात पार्दा पनि

शायद आर्य भट्टलाई भन्दा बढि नै
मेरी आमालाई
शुन्यको महत्त्व थाहा थियो
त्यही शुन्य आमाको पोकामा जम्मा हुन्थ्यो

आमा सधैँ
यही ध्याउन्नमा हुन्थिन्
यही कसरतमा हुन्थिन्
कसो गरी
शुन्यको अगाडि चढाउने अङ्क जुटाउन
र क्रमशः यसलाई
महत्त्ववान् र मूल्यवान् बनाएर
हामी सबैलाई
उत्तिकै प्रेमले बाँड्न

मेरी आमाले साँवा अक्षर
लेखपढ गर्न कहिल्यै जानिनन्
तर मनले कोरिरहेका हुन्थिन्
हाम्रो लागि गज्जवको रोडम्याप
जो शुन्यमा पनि
मज्जाले अगाडि गुड्न सक्छ

धेरैपछि
हो धेरै पछि मात्र
मैले बुझ्न सकेको हूँ
आमाभित्र थियो एउटा गहिरो अश्रुकुण्ड
नभरिएसम्म त्यो कुण्ड
उनी बाहिर हत्पत्ति पोखाउँदैनथे आफ्नो आँशु
र उस्तै गरी आमाभित्र थिए
एउटा प्रेम कुण्ड,एउटा करुणाकुण्ड
जहाँबाट अनवरत बगाउँथिन्
जस्तै दुःखमा पनि
हाम्रा लागि वात्सल्य धारा

अनि थियो
आमाभित्र एउटा अग्निकुण्ड पनि
जहाँ उनी यज्ञशालामा जस्तै जलाउँथिन्
आफ्ना पीडा र आर्तनादहरू
सायद त्यही पकाउँथिन्
आत्मीय पाक मसला
र सार्थिन् यसलाई हाम्रो भान्सामा
एउटा जादुगरले जस्तै ।

गजल

## भर



• श्रवणकुमार ढुंगाना

एक पटक फेरि पनि त्यै सपनाकै भर पर्नु थियो
रित्तिएको आशमा खसी भित्र मनै देखि मर्नु थियो

कहिल्यै साथ नदिने साथीको हालखबर लिई आएँ
सारा दुनियाँ सामू मेरा पनि साथी छन् भँै गर्नु थियो

कसैसँग बिछोडमा कसैसँग मिलनमा रोए आँखा
आँशु दियो ईश्वरले सायद प्रेमको हाट भर्नु थियो

आफ्नै मुटुलाई पनि त्यै झुटो मुस्कान देखाएर आएँ
आफैंलाई बचाइराख्न खुशीको भ्रम छर्नु थियो

पल पल मरेर कोही, पल पल मारेर बाँच्यो कोही
कोही लाग्यो अज्ञात यात्रा आखिर आर्यघाट तर्नु थियो ।

## श्रीमतीको नाम काटेको निम्तो !



• अनिता कोइराला

'बुहारी हेर त, यी बिहेको निम्तो आएको रहेछ, सिँढीमा कसले छोडेर गएछ यो कार्ड। कसको बिहेको हो,' मलाई कार्ड देखाउँदै सासूआमा हाँस्दै आउनुभयो।

उहाँको हातमा दुई वटा निम्तो कार्ड छ। हातमा लिएर म कार्ड हेर्छु।

सासूससुरा र श्रीमानको नाममा बेग्ला बेग्लै निम्तो आएको छ। श्रीमानको कार्डमा सुश्री र श्रीमती प्रष्टसँग काटेको छ। वृद्ध हुनुभएका सासूससुराको कार्डमा सुश्रीलाई जिउँदै राखिएको छ। चुलै निम्तो कतै लेखेको पनि छैन। श्रीमानको नाममा आएको कार्डमा श्रीमती र सुश्रीको निर्मम हत्या गरिएको देख्छु। च्वाट्ट च्वाट्ट रातो मसीको धारिलो छुराले रेटेको छ। सुश्री मात्र काटेको भए त ठीकै हो, जानु पनि हुँदैन धेरै जना। श्रीमानको साथीको घरबाट निम्तो आएको भए पनि ठीकै हो एक जनालाई मात्र बोलाए भन्नु। यो त पारिवारिक निम्तो हो।

यो बिहेको निम्तो श्रीमान नातेदारबाट आएको छ। कार्ड पढेपछि मेरो मनमा चिसो पस्यो। बिहे शनिबार परेको छैन। सासूससुरा आफैँ जान सक्नुहुन्न। श्रीमानलाई यो हप्ता कोर्ष सक्ने धपेडी छ, बिदा लिनै मिल्दैन। अब कसले लैजान्छ बुढाबुढीलाई यो बिहेमा। मनमा कुरा अड्किन्छ।

अनि सासूआमालाई भन्छु, 'आमा हजुर हरूलाई आएको निम्तो हो अब छोरालाई बिदा लिनु भन्नु है। हेर्नु त मलाई त निम्तै छैन। अझ रातो मसीले श्रीमतीलाई जानी जानी रेटेको छ। के गर्नु छोरीको बिहे रहेछ। एक जना त जानै पर्यो,' मेरो कुरा सुनेर सासूआमा चिन्तित हुनुभयो।

आमाको मनमा कुरा खेल्न थालेको चाल पाउँछु, 'सधैँ बुहारीले नै लिएर हिँड्छे जता जाँदा पनि। तर यो कस्तो निम्तो आयो छोरालाई बोलाउने बुहारीको नाम काट्ने।'

उहाँको अनुहार अँधेरिन्छ। राति सबै जना जम्मा हुन्छौं। छोराले बिहेमा कुनै पनि हालतमा जान नमिल्ने अवस्था देखाउनुहुन्छ। मलाई पनि जानै मन लाग्दैन नबोलाएको ठाउँमा। बिहेमा नजाने निधो हुन्छ।

जति जति बिहे नजिकिन्छ सासूआमाको अनुहार उतिउति निराश देख्छु। उहाँको मनमा कुरा खेलेको पनि चाल पाउँछु। पर्सिको बिहे छ।

सासूआमा भन्नुहुन्छ, 'नानी मेन्धी सक्कियो? तिम्रो कपाल त सेतै देख्छु त मेन्धी भिजाएर लगाऊ, सेतो कपाल नराम्रो देखियो। थोरै मेन्धी म पनि अगाडिको कपालमा दल्नुपर्ला अलि धेरै भिजाऊ है।'

हे भगवान! आमाको आश अझ मरेको छैन बिहेमा जाने। उहाँले मलाई राम्रोसँग चिन्नु भएको छ। बुहारीले लैजान्छे कि भन्ने आशा अझ जीवितै छ। उहाँको कुरा सुनेर मलाई उहाँको असाध्यै माया लाग्छ। जाबो एउटा बिहेमा एक्लै जान सक्ने अवस्था छैन अब मेरी सासूआमाको। म सोच्छु, भोलि मेरो पनि गति यस्तै त होला। सानासाना रहर पूरा गर्न सन्तानको मुख ताक्नु पर्ने दिन मेरो पनि त आउँछ होला। अनि मनमनै आफ्नो स्वाभिमानलाई बिर्सिन खोज्छु।

आ! आमालाई लगिदिन्छु बिहेमा, यस्तो रहर गर्नुभएको छ। के इख लिनु निम्तो दिएनन् भनेर? उमेर बुढो भए पनि रहर बुढो हुँदैन क्यारे। म सोच्न थाल्छु हे, ईश्वर! यस्तो पनि समय आउने रहेछ जीवनको उत्तरार्धमा। बाघ मारेर ल्याउन सक्ने मान्छेले पनि आफ्ना साना साना रहर पूरा गर्न अरूको भर पर्नुपर्ने रहेछ। गाउँमा भए मेरी सासूले दुई चार जनालाई हात समातेर हिँडाउनु हुन्थ्यो आज सहरको यो भीडमा मेरो हात समातेर हिँड्न खोज्दै हुनुहुन्छ। यो सहरले उहाँको आँटलाई खर्लप्पै निल्यो। उहाँको हिम्मतलाई निमोठिदियो। दर्बिलो गोडा कम्पित तुल्याइदियो। नत्र मेरी सासू पहाड पनि फोड्न सक्ने एक बहादुर नारी हो। सासूआमाको मन बिहेमा जान उल्लासित भएको देख्छु। छोराको फुर्सद छैन बुहारी जान्न भन्छे आमालाई पर्नु पिर परेको छ। मलाई उहाँको छट्पटीले पोल्न थाल्छ।

उहाँको विवशताले न्याँक्न थाल्छ। कठैबरी कति कुर्नु घर। कति बस्नु कोठामा। कहिलेकाहीँ त जान मन लाग्नु स्वाभाविक नै हो। हृदय कति प्रफुल्ल हुन्छ आफन्तको माझमा केहीबेर रमाउँदा पनि। उहाँका इष्टमित्रहरू भेला हुँदा कति मज्जाले हृदय खोलेर हाँस्नुहुन्छ। विगतका कुरा गरेर वर्तमानमा कति हर्षित हुनुहुन्छ। म एक्लै जता जान पनि सक्छु। मलाई कसैले डोर्याउनु पर्दैन। तर पनि कहिलेकाहीँ कतै जान नपाउँदा मन कुँडिन्छ। मलाई पनि त रमाइलो लाग्छ आफन्तसँग भेटघाट गर्दा। सासूको मन र मेरो मन एकै त हो। म त जहाँ पनि जान सक्छु तर सासूलाई लगिदिनु पर्छ। यस्तै कुरा सोच्दै टाउकोमा दल्न मेन्धी भिजाउँछु।

भोलिपल्ट सासूआमा मेरो मन नाप्नुहुन्छ, 'हेर नानी त्यो बेहुलीलाई त मैले मेरै काखमा हुर्काएकी हुँ। त्यसको बा पनि हाम्रै काखमा हुर्किएको। खुरूक्क हिँड तिमी बिहेमा, हामीलाई बोलाएकै छन्। हाम्रो कार्डमा सुश्री काटेको छैन, तिमी छोरी जस्तै त हौ। बोलाउन बिर्सिएका हुन्। जानी जानी नाम काटेका होइनन्। त्यो मान्छे त्यस्तो हुँदै होइन। कति मनकारी छ। त्यत्रा मान्छे बोलाउँदा तिमीलाई किन काट्थ्यो बरा! कसलाई कार्डमा नाम लेख्ने जिम्मा दिएको थियो त्यसको बदमासी हो। हुनसक्छ झुक्किएर त्यतातिर कलम दलिएको। अथवा सुश्री काट्न खोज्दा श्रीमती पनि काटिएको हुनसक्छ। हिँड कसैले सोधे भने आमालाई लिएर आएको भन्नु। केही हुँदैन।

तिमी र म जाऔँ। हेर छोरीको बिहे नजाँदा खल्लो हुन्छ। मलाई अघोर रहर पनि लागेको छ त्यसको बिहे हेर्न। छोरोको बिदा लिनै मिल्दैन भन्छ। तिमी कति खान्छौ र हिँड् बा जाऔँ। दिउँसोको बिहे छ फुत्त पुगेर छट्टै आउँला।'

आमाको कुरा सुनेर मलाई हाँस्न मन लाग्छ। उहाँको बिहेमा जाने रहर देखेर म पग्लिन्छु। राति छोरालाई सुनाउँछु। उहाँ रिसाउनु हुन्छ। 'त्यस्तो कार्डमा तँ कसरी जान्छेस' भन्नु हुन्छ। कुनै पनि हालतमा बिहेमा नजानू भन्नुहुन्छ। अब उहाँलाई नै सम्झाउँछु।

'कठैबरी बेहुलीका बाआमाले पक्कै निम्तो कार्डमा नाम लेखेनन्। कसैलाई त्यो काम जिम्मा दिएका थिए होलान्। कार्डमा नाम लेख्ने मान्छेले काटिदियो होला के गर्नू! आखिर हाम्रो घरमा तीन जनालाई बोलाएकै छन्। आमालाई लिएर जान्छु। के गर्नु देशविदेश घुमाउन सकेको छैन। तीर्थयात्रा गराउन सकेको छैन। जाबो कहिलेकाहीँ आउने बिहे, पार्टी, ब्रतबन्ध, पूजा, श्राद्धमा पनि किन नलगिदिनु। मै लैजान्छु। बेहुलीको बाले मलाई किन आएको भनेर भने मसँग उत्तर छ। बिहेको भोज खानलाई जान लागेकी होइन। मेरो मानसम्मानभन्दा ठूलो मेरो कर्तव्य रहेछ। के मलाई जान मन होला त? तर आमा जान खोज्नुभएको छ। मलाई हिँड् भन्नुहुन्छ। अरूको खुसीमा रमाउन सक्नु मेरो कमजोरी पटक्कै हैन होला। हो, मलाई स्वाभिमान र अभिमानको सन्तुलन कायम राख्न आउँछ तर यहाँ ७४ वर्षकी सासूआमाको रहर पूरा गर्नु छ। म जान्नँ भनेर अड्डी कसेकी थिएँ तर के गर्नु? हजुर गए त मलाई ढुक्क हुन्थ्यो नि!

ल भन्नु त को छ आमालाई लिएर जाने मान्छे? अनि मैले यसरी मान खोजेँ भने कसरी चल्छ घरबार। मैले सही र गलत, न्याय र अन्याय, मान, अपमान केलाउन थालेँ भने त समस्या समाधान गर्न मुस्किन पर्छ परिवारमा। मैले हठ छोड्दा आमाको मुहारमा खुसी झुल्किन्छ भने मेरो स्वाभिमान पक्कै मर्दैन।'

मैले यति भन्दा पनि उहाँलाई भरसक नबोलाएको ठाउँमा नगए हुन्थ्यो भन्ने लाग्छ। तर हामी जाने पक्का भयौं। बिहेमा आएको कार्डले जाने कि नजाने भन्ने विमर्श हिँड्ने बेलासम्म चलेकै छ।

ससुराबा भन्नुहुन्छ, 'यो कुनै तरिका हो। निम्तो दिने, श्रीमानको निम्तोमा श्रीमतीलाई काट्छन्, त्यो पनि सबै चिनेजानेको ठाउँमा, केटाकेटीलाई नबोलाए त फरक परेन तर धत्त! म त जाँदिनँ, म बुढो मान्छे तिमीहरू जाओ।'

बाबालाई फलफूल, खाजा र पानी राखिदिएर हामी सासूबुहारी बिहेमा जान्छौं। धन्न कसैले किन आएकी भनेनन्। सासूआमाको खुसी मोबाइलमा समेट्न मलाई मुस्किल भएको छ। सबै चिनेजानेका मान्छे आएका छन्। आमालाई गरेको माया, प्रेम देखेर म दङ्ग परेकी छु। बेलाबेला झस्किन्छु म त नबोलाएकी पाहुना पो हुँ त। फेरि हेर्छु सासूआमाको उज्यालो मुहार। करिब दुई घण्टा बसेर हामी फर्किन्छौं।

सार्वजनिक गाडीमा आउँदै छौं। त्रिपुरेश्वरबाट दुई जना भद्र महिलाहरू गाडीमा चढे। हामीभन्दा ठीक पछाडिको सिटमा बसेका छन्। हातभरि सपिङ ब्याग छ। भाटभटेनीको झोला मरिकुच्च छ। पछाडि आएर बडो कष्टले बस्छन्। सायद एउटी चाहिँ सार्वजनिक गाडी उतिसाह्रो चढ्दिनन् जस्तो लाग्यो। उनीहरू गफिन्छन्। मेरो कानमा उनीहरूका वार्तालाप आएर ठोकिन्छ, 'के हो तँ त जताजता जान्छेस् सासू चेप्दै हिँड्छेस् त। तँलाई दिक्क लाग्दैन सासूलाई घिच्याउँदै बिहे, पार्टीमा हिँड्न। म भन्दिन्छु मलाई त कसैको डरै लाग्दैन, म त सासूकै अगाडि बुढालाई थर्काउँछु। आमा जाने भए म जान्नँ। म जाने भए आमा जानुहुन्न। आखिर त्यहाँ गएर आमाले केही खाने होइन बेकारमा किन जानुपर्यो पार्टीमा आफ्नै घरको बिहे, पार्टीमा त जानै पर्यो नत्र नगए पनि हुन्छ। मान्छेले देख्दा पनि बुढी मान्छे पार्टी पार्टी हिँडेको जस्तो। जानुपर्दैन। यति भनेपछि बुढिया आफैँ भन्नुहुन्छ, 'हो त नि तिमीहरू जाओ म जान्नँ, आखिर म केही खाने होइन। आ! बुढाबुढी त चुप लागेर घरै बसे भैहाल्छनि।'

अर्की भद्र महिला बोलेको सुन्छु, 'सीमा मलाई पनि त्यस्तै लाग्थ्यो पहिला पहिला। हामी पनि आमालाई भरसक लिएर हिँड्दैन थियौँ। उहाँ आफैँ पनि हिँड्न मान्नुहुन्न तर तीन महिना अमेरिका पुगेर आएपछि त म सासूलाई पनि लिएर हिँड्छु बाई ! मलाई त माया लाग्छ।'

अर्की बोल्छे, 'तेरो पो गाडी छ र सासू बोकी बोकी हिँड्छेस् सार्वजनिक गाडीमा हिँड्नु परे बोक्थिस् तेरी सासू। पठाओको भाडा तिर्नु कि गिफ्ट दिनु। गाडी हुनेलाई भन्न सजिलो छ।'

अर्की साथी पुनः बोल्छे, 'होइन यार अस्ति तीन महिना अमेरिका बस्दा थाहा पाएँ अरूको आशमा बाँच्नुपर्दा कस्तो हुँदोरहेछ भन्ने कुरा। हामी यति सक्षम छौं तर हामी पनि अमेरिकामा एक्लै हिँड्न नसक्ने रहेछौं। छोराको बिदा कहिले होला र हामीलाई लिएर हिँड्ला भनेर कुर्नुपर्यो। घरमा सबै कुरा थियो तर बाहिर हिँड्दा जुन रमाइलो हुन्छ त्यो घरमा हुँदैन नि! अनि आमालाई झलझली सम्झिएँ। हामी सधैं छोडेर हिँड्छौं उहाँलाई तर यही काठमाडौं उहाँ अमेरिका जस्तो छ। आफैँ हिँड्न सक्नुहुन्न मन त लाग्दो हो नि। सबै ठाउँमा त उहाँ आफैँ जानुहुन्न तर जान्छु भनेको ठाउँमा त हेर लग्दिनुपर्छ।'

'लु लु धेरै खोक्नु पर्दैन। मलाई त झ्याउ लाग्छ बुढाबुढी लिएर हिँड्न।' ती महिलाहरू कलंकीमा झरे।

सासूआमा मलाई पुलुक्क हेर्नुहुन्छ।

म निदाएजस्तो गर्छु।

## रहरले पुर्‍याएको रारा



• भुपेन्द्र शाही

यसपटक बुवाले रारा पुग्ने रहर गर्नुभयो । म त एकपटक रारा गइसकेको थिएँ । बाटोभरि लेख्न लायक सयौं स्थान र प्रसंगहरू थिए । तर, सम्झिन सकिरहेको थिइनँ । सायद एकैपटक धेरै ठाउँहरूको भ्रमण गरिएको हुनाले धेरै दृश्य मानसपटलमा एकैपटक तँछाड मछाड गर्दै आइरहेका थिए कि ! पारिवारिक भ्रमण थियो यसपालि । म आफ्नो लागि भन्दा पनि अरूको लागि पथप्रदर्शक बनेर फेरि रारा जाँदै थिएँ । जानु थियो कर्णाली राजमार्गको साँघुरो बाटो । कर्णाली नदी जति फैलिएर बगेको छ, राजमार्ग त्यति नै साँघुरिएर तन्किएको छ । मलाई कर्णाली नदीको सङ्लो निलाम्य पानी, नदीको फैलावट, किनाराको बालुवाको थुप्रो औधी मन पर्छ । म घण्टौंसम्म बालुवाको बगरमा रमाएर बसिदिन सक्छु । किनारसँग संवाद गरिरहन सक्छु । किनकि, कर्णालीले राराको सङ्लो पानीदेखि अग्ला हिमालहरूको हिउँ, जडीबुटीको सुगन्ध बोकेर हिँडेको छ । उसलाई कर्णालीका विकट गाउँबस्तीहरूको सुखदुःख सबै थाहा छ ।

दैलेख बजारबाट मध्यपहाडी राजमार्ग हुँदै बिहानै हिँडे तापनि हामी त्यस दिन रारा पुग्न सकेनौं । हामी ठाउँठाउँमा ऐतिहासिक र रमणीयस्थल हेर्दै, फोटो खिच्दै हिँडिरहेका थियौं ।

फेरि, कतिपय साँघुरा स्थानमा भेट हुने सानाठूला सवारीसाधन एकापसमा भेटिँदा क्रस हुनै समय लाग्ने । अनगिन्ती घुम्ती र मोडहरू । दैलेखको आठबीस नगरपालिकाका टुनिबगर, राकम कर्णाली, खिडकिज्युला हुँदै कालीकोटको शुभकालिका गाउँपालिका प्रवेश गरेलगत्तै हुल्म भन्ने ठाउँमा हामी पुग्यौं । त्यहाँबाट अंग्रेजी एस आकारको मोड काटेपछि तिला नदीको पुल तरेर कालीकोटको सदरमुकाम मान्म बिहान एघार बजे मात्र पुगियो । बाइसेचौबिसे राज्यकालको रास्कोटी शाहीहरूको ऐतिहासिक कोट दरबार डाँडामा रहेछ । त्यहाँ पूर्वतिरबाट मात्र जान मिल्ने प्रवेशद्वार भएको र पश्चिमतिर आवतजावत गर्न नमिल्ने ठूलो भीर रहेछ । पारिपट्टि योगी नरहरिनाथको नामबाट नामांकन गरिएको नरहरिनाथ गाउँपालिका छ । त्यहाँ सुनथराली एयरपोर्ट विमानको प्रतीक्षामा बसिरहेको रहेछ । विमानस्थल निर्माण भएदेखि विमान बसेको रहेनछ । हामी खाँडाचक्र नगरपालिकाको मान्मबाट दिउँसो साढे एक बजे मात्र अगाडि हिँड्यौं । बाटोमा पिली भन्ने ठाउँ आयो । पिलीको भीर पनि ज्याँदै भयानक र भिरालो रहेछ । त्यसो त साविकको कर्णाली अञ्चलका अधिकांश जिल्लाको भूगोल अत्यन्त विकट र भीमकाय चट्टानयुक्त नै हो । कर्णाली राजमार्गको अधिकांश खण्ड त्यस्तैत्यस्तै छ, साँघुरोसँग चट्टान काटेर बनाइएको ।

पिलीको छुट्टै इतिहास रहेछ । द्वन्द्वकालमा पिलीमा सडक निर्माणमा रहेको नेपाली सेनाको ब्यारेकमाथि माओवादी पक्षले गरेको हमलाबाट त्यहाँ धेरै सैनिक र केही माओवादी लडाकुहरू हताहती भएका रहेछन् ।

हाम्रो यात्रा अगाडि बढिरहेको थियो । क्रमशः पिली, ओदा, सेराबाडा, चौखोला हुँदै तिलागुफा नगरपालिका सीमा टाकुल्लामा साँझ पाँच बजे पुग्यौं । पालीघाट, भैंसीगौडा, टिम्मुरे, गाल्जे, जुविथा, खल्लागाड हुँदै नाग्म पुग्दा भने साँझको साढे छ बजिसकेको थियो । साँझले झमक्क छोपिसकेको थियो । साँझ परिसकेको र त्यहाँबाट अगाडि जाँदा बाटोमा राम्रो वास बस्ने व्यवस्था नभएकाले तातोपानी हुँदै जुम्ला बजार जाने निर्णय गर्‍यौं । र, कर्णाली राजमार्गबाट हामी दायाँतर्फ मोडियौं ।

बाटोमा तातोपानीमा स्नान गर्ने मन हुँदाहुँदै पनि साँझ परेकाले नुहाउन सकेनौं । अन्ततः कुडारी हुँदै आठ बजे वास बस्ने गरी जुम्लाको खलंगा बजारमा पुग्यौं । जुम्लाका घरहरू अधिकांश काठको प्रयोग गरेर बनाइएको हुने रहेछ । हामी पनि काठैकाठ प्रयोग गरेर बनाइएको होटेलमा वास बस्न पुगेका थियौं ।

भोलिपल्ट बिहान सात बजे चियानास्ता

❖ बाँकी तेस्रो पृष्ठमा

# हल्दिबारीका मेलमिलापकर्तालाई पुनर्ताजगी तालिम

हल्दिबारी(प्रस) । हल्दिबारी गाउँपालिकाका मेलमिलापकर्ताहरूलाई ५ दिने पुनर्ताजगी तालिम दिइएको छ । गाउँपालिकाका ५ वटै वडाका मेलमिलापकर्ताहरूलाई झापा जिल्लाका न्यायाधीशहरू अशोक बस्नेत, नवीन खडका, रामप्रसाद पौडेल, नगेन्द्र केशरी पोखरेल र तेजबहादुर थापाले प्रशिक्षण दिएका थिए ।

तालिमका सहभागीहरूलाई न्यायिक समितिमा आउने समस्याहरू, वादविवाद, मुद्दाहरू लगायतका विषयहरूमा कसरी छलफल गर्ने, न्यायिक समिति, मेलमिलाप समितिको काम कर्तव्य र अधिकारका विषयमा जानकारी गराएका थिए । मेलमिलापका आधारभूत सिद्धान्त, महत्व, पारदर्शिता तथा गोपनीयताको बारेमा प्रस्ट पारिएको तालिममा फिराद लेखन, अदालतको काम लगायत विषयमा जानकारी गराइएको थियो।

हल्दीबारी गाउँपालिका उपाध्यक्ष एवं न्याय समिति संयोजक लक्ष्मी मैनालीको अध्यक्षतामा भएको समापन कार्यक्रममा गाउँपालिका अध्यक्ष रवीन्द्रप्रसाद लिङ्देन, ४ नम्बर वडा अध्यक्ष सन्तकुमार थापा, कार्यपालिका सदस्य शान्ता शिवाकोटी, भागिरथा दाहाल, वडा सदस्यहरू सुरेन्द्र बाराकोटी, शान्ता गहतराज, अधिकृत राजन न्यौपानेलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन प्रल्हाद सिलवालले गरेका थिए। समापन कार्यक्रममा सहभागीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो।

# एक सातामै मधेशका ३ जिल्लाका २७७ घर जले

झापा(प्रस) । एक सातामा मधेश प्रदेशका तीन जिल्लाका तीनवटा बस्तीमा आगलागी हुँदा २ सय ७७ घर जलेर नष्ट भएका छन् । गएको १३ वैशाखदेखि २० सम्म लागेको आगलागीमा परी ती घर जलेका हुन् ।



१३ वैशाखमा महोत्तरीको मटिहानी-६ जरलहवाको बस्तीमा आगलागी हुँदा १ सय १० घर जलेर खरानी भएका थिए भने यसको साता दिन नबित्दै गत वैशाख १९ मा सप्तरीको महादेवा गाउँपालिका-१ चिमटीमा भएको आगलागीमा १ सय १० घरमा क्षति पुग्यो भने त्यसको भोलिपल्टै सर्लाहीको विष्णु गाउँपालिका-१ बाराउधोरणस्थित पुर्वारी टोलमा आगलागीबाट ५७ घर पूर्ण रूपमा जलेर खरानी भए । स्थानीय प्रशासनका अनुसार आगलागीबाट कम्तीमा २ करोड १५ लाखभन्दा बढीको आर्थिक क्षति भएको छ ।

मटिहानी र चिमटीमा जस्तै पुर्वारी टोलका आगलागी पीडितहरू पनि बिहीबारदेखि त्रिपालमुनि रात गुजार्नुपर्ने स्थितिमा पुगेका छन् । आगलागीको भोलिपल्ट पूर्वारी टोल पुग्दा जलेका सामग्री छरपस्ट थिए । घरसँगै ५ महिनाको मिहिनेतबाट खेतमा उब्जाएको गहुँसहित बारीमा उब्जाएको प्याजसमेत जलेर खरानी भएको चिन्ताले ५६ वर्षीया गीतादेवी राउत चिन्तित थिइन् । तैपनि उनी केही जल्न बाँकी छ कि भन्ने आशाले खरानी खोप्रिँदै थिइन् । उनले घरमा पालेका २ बाख्रा र त्यसका दुई पाठापाठीसमेत जलेर खरानी भएको बताइन् । '४ छोरा-बुहारीसहित १८ जना नाति-नातिनाको परिवारको पालनपोषण अब कसरी गर्ने ?' उनको प्रश्न छ ।राउतका ४ छोरा रोजगारीका लागि मुलुकबाहिर छन् । छोराहरू छुट्टी भिन्न भए पनि बुहारी, नातिनातिनाको रेखदेखको सबै जिम्मा उनकै काँधमा छ । 'अचानक लागेको आगलागी घरहरूमा फैलिँदै गयो, आफूसहित बुहारी र नातिनातिनालाई बाहिर ल्याएँ, तर घरबाट सरसामान भने निकाल्न पाइनँ,' उनले भनिन्, 'आगोको मुस्लो र ग्यास सिलिन्डरका डरले हामीले भागेर ज्यान जोगायौं, तर अब बाँकी केही पनि रहेन ।'

आठ महिनाकी गर्भवती राधा राउतलाई घरसँगै जलेको १ लाख नगदको चिन्ताले सताएको छ । सुत्केरी उतार्नका लागि उनले सरसपाट गरेर यति पैसा जम्मा गरेकी थिइन् । 'म गर्भवती हुँ, दौडिन सक्ने अवस्था छैन, घरमा अभिभावक पनि छैनन्, खाना खान पनि समस्या भइरहेको छ,' उनले भनिन्, 'मलाई त्यो भीडमा उभिन पनि गाह्रो भइरहेका बेला तिम्रो नाम छैन भनेर केही दिँदैनन्, अब नाम लेखाउन म कहाँ कहाँ जाऊँ ? घर जलेको र किस्ताको रुपैयाँ जलेको पीडाबीच पेटमा रहेको बच्चा कसरी हुर्काउने भन्ने चिन्ता लागिरहेको छ ।'

बिहीबार दिउँसोबाट लागेको आगलागी साँझ अबेर रातिमात्र नियन्त्रणमा आएको थियो । आगलागी पीडितहरू बिहीबार राति अनिँदै भए । गाउँपालिकाले स्थानीय विद्यालयमा पीडितका लागि खानाको प्रबन्ध मिलाए पनि धेरैजसो पीडितले छटपटी र चिन्ताले केही खान

❖ बाँकी अन्तिम पृष्ठमा

# दमकमा साइबर क्राइमसम्बन्धी सचेतना

दमक(प्रस) ।झापाको दमक ५ मा इन्टरनेटजन्य सामग्रीको प्रयोग, साइबर क्राइमसम्बन्धी दुईदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । दमक ५ को सर्वोदय बोर्डिङ स्कुलमा कार्यक्रम संचालन गरिएको थियो ।




पूर्व न्युज मिडिया प्रालिको सहजीकरण तथा दमक वडा नं ५ को आयोजनामा भएको कार्यक्रमको दमक नगरपालिकाकी उपप्रमुख रेगिना भट्टराई (प्रसाईं)ले उद्घाटन गरेकी थिइन् । उनले बढ्दो चुनौतीमा रुपमा रहेको सामाजिक सञ्जालको सही ढंगले प्रयोग गरिए मात्रै साइबर क्राइमबाट बच्न सकिने बताइन् । इन्टरनेटजन्य सामग्री प्रयोग गर्दा सावधानी र होसियारी अपनाउन उनले सुझाव दिइन् । दमक ५ का वडा अध्यक्ष इन्द्र गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा इलाका प्रहरी कार्यालय दमकका प्रमुख डीएसपी निसान थापाले साइबर अपराध, अपराधका किसिम र त्यसबाट पर्ने क्षतिका बिषयमा जानकारी दिएका थिए । यस्तै सामाजिक सञ्जाल प्रयोग गर्दा कसरी सावधानी अपनाउने बिषयमा सचेत गराएका थिए । यस्तै दमक नगरपालिकाका सूचना प्रविधि अधिकृत समिप चुडालले सामाजिक सञ्जाल प्रयोग गर्दा अपनाउनुपर्ने प्राविधिक बिषयमा प्रशिक्षण दिएका थिए ।

अभिमुखीकरणमा मनोसामाजिक समस्या, साइबर अपराध र त्यसको कानुनी उपचारका बिषयमा छलफल भएको थियो । कार्यक्रममा दमक ५ का विद्यालयका विद्यार्थी, शिक्षक, महिला सञ्जालका प्रतिनिधिसहित एक सय जना सहभागी थिए ।

## रहरले...

खाएर हाम्रो यात्रा फेरि रारातिर मोडियो । रारा जाने छोटो बाटो जो भुलभुलेमा जोडिन्थ्यो, पातारासीको डाँफे, खाली भन्ने ठाउँमा बिहानको नौ बजे हामी पुगेका थियौँ । उच्च स्थानको त्यो समथर भूभागमा केही घरहरू थिए । वरपर केही अग्ला डाँडाहरू थिए । हामीले भने त्यहाँ रोकिएर केही तस्बिर खिच्यौँ । र, फेरि यात्रा अगाडि बढायौँ ।
अनेक बाटो-दोबाटो गरेर मुगुको गमगढी पुग्दा दिउँसोको साढे एक बजिसकेको थियो । त्यसैले हामी सबैले एउटा होटेलमा खाना खायौँ । मेरी पत्नी २०५६ सालमा एउटा संस्थामा काम गर्दा त्यहाँ दुई वर्ष बसेकी रहिछन् । उनले आफू त्यहाँ बस्दाका घरबेटी बुवालाई भेट्ने कुरा गरिन् । हामीले घरबेटी बुवालाई भेट्यौँ । बुवा भावुक हुनुभयो । यो साढे दुई दशकको अवधिमा घरबेटी आमा बित्नुभएछ ।
त्यति बेला मेरी पत्नीका साथी बनेका साना बहिनीहरूको पनि बिहे भएर तिनका छोरीहरूको समेत बिहे भइसकेको रहेछ ! माहिली बहिनीका छोरीज्वाइँ र बच्चा देखेर मेरी पत्नी आश्चर्यचकित भइन् । तर, चौबिस वर्षको समय थोरै थिएन ।
घरबेटी बुवाले भन्नुभयो, 'चार महिनाअगाडि रगतै बान्ता भएर झन्डै मरेको थिएँ । बाँचेर भेट भयो ।'
मेरी पत्नीले आफूले उस बेला चिनेका धेरै मानिसका बारेमा घरबेटी बुवासँग जिज्ञासा राखिन् । उनीहरूबीचमा निकै बेर सुखदुःखका कुरा भए । घरबेटी बुवाले त्यतै बस्ने प्रस्ताव राख्नुभयो ।
हाम्रो मुख्य गन्तव्य राराताल भएकाले उता पुगेर फर्कंदा समय मिल्यो भने बस्ने गरी आउँछौं भन्यौँ । र, त्यहाँबाट बिदा भएर ताल्चा विमानस्थल हुँदै रारातिर लम्कियौँ ।
सल्लेरीमा केही होटेलहरू थिए । घोडावालाहरू यात्रुको प्रतीक्षामा थिए । घोडा चढ्नु मेरो रुचिको विषय होइन । एउटा निरीह प्राणीमाथि चढ्दा मलाई आनन्द होइन, हीनताबोध हुन्छ ।
तर, त्यहाँभन्दा मास्तिर राष्ट्रिय निकुञ्ज छ । जहाँ गाडी लग्न मिल्दैन । निकुञ्जको आफ्नै नियम छ र सुरक्षामा सैनिक पनि बसिरहेका हुन्छन् । म हिँडेरै जान चाहन्थेँ । बुवाको खुट्टामा समस्या भएको र लामो दूरी हिँड्न नमिल्ने भएकाले बुवाका लागि घोडाको व्यवस्था गरेर हामी हिँड्ने तयारी गर्दै थियौँ ।

घोडावालाहरूको जत्था नै आयो । अधिकांश विद्यालय पढ्ने उमेरका केटाकेटी थिए । पछि थाहा भयो, साँच्चै विद्यालय पढ्ने केटाकेटी रहेछन् । मयलले कट्कटिएका हातमा घाउ भएको त्यस्तै बाह्र वर्षजतिको एउटा बालकले मलाई आफ्नो घोडामा चढ्न अनुरोध गऱ्यो ।

लगत्तै नाकमुन्तिर सिँगानको टाटा सुकेको, चौधपन्ध्र वर्षजतिको अर्को किशोर केटोले आफ्नो घोडा चढिदिन आग्रह गर्न थाल्यो । एकजना अधबैंसे देखिने एउटा आँखा गुमाएको मानिस आयो र उही अनुरोध दोहोऱ्यायो । त्यहीँ केही किशोरी पनि घोडा समातेर बसिरहेका थिए । र, त्यस साँझ मैले यस्तो लेखेँ-

ऊ
भालुले फुटाएको आँखा लिएर
रारामा घोडा डोऱ्याउँदै छ
भालुले चिथोरेको कुरूप अनुहार
बोकेर
ऊ अश्वत्थामाझैँ अभिषप्त छ
ऊ मलाई घोडा चढ्न आग्रह गर्छ
एउटा निरीह प्राणीमाथि चढ्न
मलाई कताकता हिनताबोध हुन्छ
म घरी उसलाई हेर्छु
घरी उसको घोडालाई हेर्छु
दुवै उस्तै लाग्छ
बाध्यताले डोरिएका
घोडाको मुखमा
उसले लगाम लगाएको छ
उसको मुखमा
बाध्यताले लगाम लगाएको छ
पानी नपाएका खेतका गराहरूझैँ
उसका पैतला पट्पटी फुटेका छन्
भालुले फुटाएको आँखा रारातालझैँ
गहिरो छ
जहाँ छचल्किएका छन्
अनेकौँ दुःखका छालहरू
ऊ घोडा डोऱ्याउँदै मेरो सामु आउँछ
फेरि, दोस्रोपटक घोडामा चढ्न
आग्रह गर्छ
मलाई उसको दुब्लो घोडा चढ्न
दया लाग्छ
अहँ, म उसको घोडा चढ्न सक्दिनँ
!

उतिखेरै मयलले कट्कटिएका हातले
अर्को लिखुरे घोडा डोऱ्याउँदै
अन्दाजी बाह्र वर्षजतिको बालक
मेरो समीप आउँछ
आफ्नो घोडा चढ्न आग्रह गर्छ
लेख्दा लेख्दै कापी सकिएर
कापी किन्ने पैसा कमाउन
हिँडेजस्तो
अनि,
अंग्रेजी शिक्षकको प्रश्नले डराएर
पढ्दा पढ्दैको क्लास बंक गरेर
आएजस्तो
ऊ फेरि दोस्रोपटक आफ्नो घोडा
चढ्न आग्रह गर्छ
म दोधारमा पर्छु

हामी तीन जनाबीच
फेरि चौथो पात्र आइपुग्छ
त्यस्तै चौधपन्ध्र वर्षजतिको
जसको नाकमुन्तिर
सिँगानको सेतो टाटा चम्किएको छ
च्यातिएका कपडा लगाएको
उसले पनि उही आग्रह दोहोऱ्याउँछ
आग्रहको भुमरीमा परेर
म घोडा मालिकहरूलाई हेर्छु
तिनका घोडाहरूलाई हेर्छु
घोडाले समेत आग्रह गरेझैँ लाग्छ !
म अनिर्णयको बन्दी बनेर
सल्लाको फेदमुनि
चउरमा थपक्क बस्छु
उतिखेरै राराबाट हावाको चिसो
सिरेटो
हल्का कुहिरो बोकेर आउँछ
र, हामीलाई छोपिदिन्छ ।

जे होस्, सबैले सम्भव भएजति तिनका घोडा चढेरै रारातालको छेउसम्म गयौँ । उनीहरू खुसी भए । सन्ध्याकालीन रारा दिनभरि छाल हानेर थाकेझैँ शान्त थियो । ठूलो भूकम्पपछिका परकम्पझैँ साना छालहरू आइरहेका थिए । एकछिन मलाई रारासँग संवाद गर्न मन लाग्यो ।
म हातले इसारा गर्छु
ऊ छालले इसारा गर्छ
हामी दुईबीच मौन संवाद चलिरहन्छ
म आँखाले प्रश्न सोध्छु
ऊ सौन्दर्यले जवाफ फर्काउँछ
फेरि मौन संवाद चलिरहन्छ
सुनसान साँझमा
कसैलाई पर्खिरहेजस्तो ।
त्यस दिन हामी तालछेउकै एउटा होटेलमा वास बस्यौँ । बिहान उठ्दा घामको किरणमा ताल मुस्कुराइरहेको थियो ।

समुद्रझैँ रारा २,९९० मिटरको उचाइमा साना पहाडहरूबीच लमतन्न सुतेको थियो । जसको लम्बाइ ५ हजार मिटर, चौडाइ ३० हजार मिटर र गहिराइ १६७ मिटर छ । तालभित्र असंख्य माछा छन् । ती माछा तालको छेउमा खेलिरहन्छन् । जलहाँसहरू राराको छालसँगै तालमाथि तैरिरहेका देखिन्छन् । राराको छेउमा एकछिन बस्दा अद्‌भुत शान्ति र रमाइलो अनुभूति हुन्छ । केही भनौँ झैँ लाग्ने तर भन्नै नसकिने । केही लेखौँ झैँ लाग्ने तर लेख्नै नसकिने !
राराका छालहरूझैँ भावनाका छालहरू एकैपटक उर्लिदिने । शब्दहरू तँछाड मछाड गरी आइदिने । कहाँबाट सुरु गर्ने, केबाट सुरु गर्ने ! राराको छालबाट लेख्न सुरु गर्नु कि आकाशझैँ निलाम्य दहबाट ! रारा जाँदाको साँघुरो र अप्ठ्यारो बाटोबाट सुरु गर्नु कि नेपाली खस भाषाको उत्पत्ति भएको जुम्लाको सिँजाबाट !

राराको सङ्लो पानी मिसिएर बग्दै आएको कर्णाली नदीबाट सुरु गर्नु कि कर्णालीका दुःखहरू बगाउँदै आएको कर्णाली अनि किनारको बालुवाको बगरबाट ! जीवनमा एकपटक पुग्नैपर्ने ठाउँ हो, रारा । जहाँ जाँदा ऐतिहासिक खस साम्राज्यको शीतकालीन राजधानी, खस भाषाको उद्गमस्थल सिँजा बाटैमा पर्छ । विश्वकै उच्च स्थानको धान खेती, मार्सी धान, स्याउ र ओखरका बगैँचाहरूले सिँजा ढकमक्क ढाकिएको हुन्छ । राराताल पुगेपछि बाटोको सास्ती हराएर मनमा छुट्टै प्रकारको अद्‌भुत आनन्दको सञ्चार हुन्छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१ | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** आज पुनर्मिलनको योग रहेको छ । प्रेमसम्बन्धको समय रहेको छ ।

**वृष** जीवनसाथीको सल्लाहमा गरिएको कार्यमा सफलता मिल्नेछ ।

**मिथुन** आज इच्छा र आकांक्षा पूर्ण हुनेछन् । मित्र वा आफन्तको सहयोग मिल्नेछ ।

**कर्कट** प्रविधि मार्फत टाढा रहेका आफन्तसँग भेटघाट हुनेछ ।

**सिंह** आफन्तको प्रगतिमा मन रमाउनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**कन्या** कला र गलाको प्रभाव बढ्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**तुला** विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । सामाजिक कार्य राम्रो हुन्छ ।

**वृश्चिक** एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ ।।

**धनु** साँझपख शुभ समाचार आउन सक्छ । व्यावसायिक कामले गति लिने छ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ ।

**कुम्भ** ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

**मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ ।